मिति २०८१/१०/३० गते बसेको आठौं गाउँकार्यपालिका बैठकको उपस्थिति

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८१/१०/३० बैठक संख्या : २०८१/०८२-०८ समय : विहान ८: ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यश्र श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालि ९ नं. वडा कार्यालय

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

मिति २०८१/१०/३० गते हुने आठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु :

१. विगतको निर्णय समिक्षा सम्बन्धमा ।

२. सेवा करार म्याद थप सम्बन्धमा ।

३. राष्ट्रिय योजना आयोगमा पठाउने समपुरक/ विशेष आयोजना छनौट सम्बन्धमा ।

४. धानबाली पकेट क्षेत्र निर्धारण सम्बन्धमा ।

५. दुधको रकम भुक्तानी सापटी सम्बन्धमा ।

६. सहकारी मामिला समिति गठन सम्बन्धमा ।

७. अनुगमन भएको योजनाहरुको फरफारका लागि सिफारिस गर्ने सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. दररेट स्वीकृती सम्बन्धमा ।

१०. मनहरी खेलकुद महोत्सव संचालन सम्बन्धमा ।

११. प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्संगको लागत साझेदारी सम्बन्धमा ।

१२. जनतासंग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमबाट भएको सम्झौता सम्बन्धमा ।

१३. भुमी सम्बन्धी समस्या सहजीकरण समिति गठन सम्बन्धमा ।

१४. आ .व. ०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (Lisa) अन्तिम नतिजा अनुमोदन सम्बन्धमा ।

१५. कानून स्वीकृत सम्बन्धमा ।

- जनप्रतिनिधि आचारसंहिता
- सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन नियमावली
- मनहरी गाउँपालिकाको कार्यविभाजन नियमावली
- लघु उद्यमी समूह दर्ता सम्बन्धी कार्यविधि

१६. स्वास्थ्य उपचारमा सहयोग सम्बन्धमा ।

१७. घ वर्गको व्यवसाय दर्ता सम्बन्धमा ।

१८. वडा नं. ८ धुलो व्यवस्थापन सम्बन्धमा ।

१९. निर्माण सम्पन्न प्रमाण पत्र सम्बन्धमा ।

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८१/१०/३० गते हुने आठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

निर्णयहरु :

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस अघिको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति तथा शिक्षा, स्वास्थ्य, आर्थिक विकास, योजना, शाखा, भौतिक पूर्वाधार, प्रशासन शाखा लगायतका शाखाहरुको मासिक प्रगति समिक्षा सहित निशुल्क कृत्रिम गर्भाधान, पर्सा राष्ट्रिय निकुञ्जसंगको उत्खनन् सम्झौता सम्बन्धमा जानकारी भयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँकार्यपालिकामा सेवा करार, मासिक ज्यालादारीमा (आन्तरिक स्रोत, संघिय सशर्त, प्रदेश सशर्त) कार्यरत अनुसूचि – १ बमोजिमका कर्मचारीहरुको २०८२ साल असाढ मसान्त सम्म सेवा करार म्याद थप गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. ०८२/०८३ मा सङ्घीय/ प्रदेश समपुरक अनुदान तथा संघिय/प्रदेश विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमको योजना संचालनको लागि राष्ट्रिय योजना आयोगलाई सिफारिस गर्न गाउँकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ ( संघीय)

१. लामिटार – चकरी सडक खण्ड
२. मनहरी -१ चक्रपथ
३. मनहरी -२ सडकस्तरीकरण

प्रदेश समपुरकतर्फ

१. मनहरी वडा नं. ८ र ९ सिमा सडक
२. तीन भङ्गालो – बालभङ्ज्याङ राजारङ्ग हुदै पाङ्थली रोड मनहरी -६
३. ट्वाङ्ग्रा वनकरीया देखी ज्यामिरे दोभान सडक

विशेष अनुदान तर्फ ( संघीय)

१. तल्लो मसिने खानेपानी
२. वडा नं. ८ देउकोट सिचाई

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

रन्जन कालाखेती
अध्यक्ष

मिति २०८१/१०/३० गते हुने आठौं गाउँकार्यपालिका बैठकको प्रस्तावहरु

विशेष अनुदान तर्फ ( प्रदेश)

१. वडा नं. ८ वगर टोल सिचाँई योजना

२. तल्लो मकरी छेउटोल सिचाँई योजना वडा नं. १

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत धान बाली पकेट क्षेत्र कार्यक्रम कार्यान्वयनको लागि वडा नं. ४ लाई छनौट गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा दुग्ध किसानहरुलाई प्रत्येक १ महिनामा रकमको अवस्था हेरी जुनसुकै शिर्षकबाट रकम सापटीको रुपमा कृषि उपज संकलन तथा बिक्रि सेवा केन्द्रलाई उपलब्ध गराउने र सोध भर्ना प्राप्त गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको सहकारी मामिला समिति गठन तथा कार्य विवरण तपसिल अनुसार हुने निर्णय गरियो ।

तपसिल

१. संयोजक — उपाध्यक्ष
२. सदस्य — आर्थिक विकास समिति संयोजक
३. सदस्य — सामाजिक विकास समिति संयोजक
४. सदस्य — वडाअध्यक्षहरु मध्येबाट (शिव खनाल)
५. सदस्य — आर्थिक प्रशासन शाखा प्रमुख
६. सदस्य सचिव — श्रम सहकारी तथा रोजगार प्रवर्द्धन उपशाखा प्रमुख

कार्यविवरण

- सहकारी अनुगमन गरी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने
- कानून तथा विधिसम्मत कारोबार भए नभएको अनुगमन गर्ने
- ऋण असुली अवस्था अध्ययन गर्ने र ऋण नतिर्ने अटेर गर्ने र भाका नाघेका ऋणीको सम्बन्धमा गरिने कारबाहीको लागि सिफारिस गर्ने ।
- सहकारी विकास सम्बन्धी अन्य मामिला अध्ययन तथा सुझाव दिने ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस चालु आ.व.२०८१/०८२ मा बिनियोजित सार्वजनिक निर्माण लगायत अन्य बजेट कार्यान्वयनको अवस्थाको स्थलगत रुपमा अनुगमन गरी योजना पिच्छे छुट्टा छुट्टै तयार भएको अनुगमन प्रतिवेदनको आधारमा अनुगमन तथा सुपरीवेक्षण समितिको विभिन्न मितिमा सम्पन्न बैठकबाट कार्यालयलाई भुक्तानीको लागि गरिएको सिफारिस बमोजिम अनुसूची - २ बमोजिमका योजनाको भुक्तानी सम्बन्धी कार्य सदर सहित फरफारक गरि अनुमोदन गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने कार्यको लागि बमोजिम माग भई आएको तपसिल बमोजिमको रकम तोकिएको शिर्षकबाट भुक्तानी गरेको खर्च रकम अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गरियो

।

तपसिलः

| क्र. सं. | विवरण | खर्च व्यहोर्ने स्रोत | भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ३ स्थित दिपक बलको घर गोठमा पूर्ण क्षति | आकस्मिक कोष | ४०,०००/- | एक महिनाको खाद्यन्न समेतको लागि |
| २ | वडा नं. ६ बस्ने भिम बहादुर मोक्तानको माउँ बाखा- २, पाठी -१ बोका- १ बाघले खाई मारेको | आकस्मिक कोष | २०,०००/- | |
| ३ | श्री नारायण प्रसाद रिमाल क्यान्सर रोगको उपचार सहुलियत | आर्थिक सहायता | ५०,०००/- | |
| ४ | जिल्ला बार एशोशियसनको सचिवालय तथा सभाहलको लागि फर्निचर व्यवस्थापन | फर्निचर व्यवस्थापन | ५०,०००/- | |
| ५ | सोनाम ल्होसारको अवसरमा सांस्कृतिक कार्यक्रम वडा नं. ७ (२८६१ (डुल ल्हो) सर्प वर्ष सोनाम ल्होसार मुल आयोजक समिति मनहरी, मकवानपुर | उद्योग बाणिज्य संस्कृति पर्यटन अनुगमन तथा खाद्य सुरक्षा कार्यक्रम | २,००,०००/- | |
| ६ | सोनाम ल्होसारको अवसरमा शुभकामना कार्यक्रम वडा नं. ६ टाँसी देछयेन छयोन लिङ्ग गुम्बा | उद्योग बाणिज्य संस्कृति पर्यटन अनुगमन तथा खाद्य सुरक्षा कार्यक्रम | ५०,०००/- | |
| ८ | ल्होसार विशेष सांस्कृतिक कार्यक्रम वडा नं. २ | उद्योग बाणिज्य संस्कृति पर्यटन अनुगमन तथा खाद्य सुरक्षा कार्यक्रम | १,००,०००/- | |



मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ९ | मनहरी आखाँ अस्पताल स्तउन्नती वडा नं. ७ | समपुरक तथा अन्य सार्वजनिक निर्माण | ७२,०००/- | |
| १० | वडा नं. ४ को विभिन्न स्थानमा विद्युत पोल विस्तारको काम गरेवापतको रकम भुक्तानी माग | समपुरक तथा अन्य सार्वजनिक निर्माण | २०,२००/- | |
| ११ | वडा नं. ६ का स्पाईनर्ल ईन्जुरी भएका व्यक्तिहरुको लागि वडा कार्यालयको सिफारिस बमोजिम रफ राईडर हील चियर खरिद | आर्थिक सहायता | १,६०,०००/- | |
| १२ | चैनपुर जेसिस (वडा नं. ४ फुटवल प्रतियोगिता संचालन) | आर्थिक सहायता | १,००,०००/- | |
| १३ | नयाँबस्ती सिचाई मर्मत | समपुरक तथा अन्य सार्वजनिक निर्माण | १,५०,०००/- | |
| १४ | मनकामना पुस्तक पसल (वडा कार्यालयको सिफारिसका आधारमा खेलकुद सामाग्री खरिद) | विविध | ४६,५००/- | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा गुम्बा निर्माणको लागि तपसिल अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विवरण | एकाई | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १. | मूर्ति प्लास्टरिङ कार्यमा प्रारम्भिक र अन्तिम प्लास्टर सहित सम्पूर्ण सतह सम्याउने, आवश्यक बनावट दिने, तथा सौन्दर्य सुधार गर्ने कार्य सामाग्रि सहित | m2 | १८०००।- | |
| | जम्मा रकम | | १८०००।- | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी खेलकुद महोत्सव संचालन गर्न मनहरी गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई सहमती दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवमं तालिम परिषद्द्वारा मिति २०८१/१०/०२ मा प्रकाशित सूचना अनुसार ६०/४० लागत साझेदारीमा ईम्ब्रोडरी तथा कम्प्युटर हार्डवयर टेक्निसियन कम्युटर मर्मत तथा संचार शिर्षकमा मनहरी गाउँपालिकाको तर्फबाट व्यहोर्ने लागत समझेदारी बापतको ४० % रकम मनहरी गाउपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत महिलाहरुको एडभान्स सिपमुलक तालिम शिर्षकमा विनियोजित बजेट रु ६,००,०००। बाट साझेदारी गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को लागि पूजीगत तर्फ विनियोजित जनतासंग अध्यक्ष र जनतासंग उपाध्यक्ष कार्यक्रम कार्यान्वयनको लागी स्वीकृत भएको कार्यक्रम संचालन कार्यविधि, २०७९ अनुसार मिति २०८१/०९/२२ देखी २०८१/१०/३० सम्म अनुसूची - ३ बमोजिमको योजनाहरु सम्झौता भएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन कार्यविधि बमोजिम स्थानीय सहजीकरण समितिको सदस्यमा देहाय बमोजिमका कार्यपालिका सदस्य मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

- श्री सेतीमाया तामाङ
- श्री चतुर कुमार सुनार

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ (ज) बमोजिम ८२.२५ अङ्क अनुमोदन गरी अनुमोदित अन्तिम नतिजालाई कार्यालयको सूचनापाटी तथा वेबसाईटमा राखि नतिजाको प्रति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र जिल्ला समन्वय समिति लगायतका निकायमा पठाउने र आगामी दिनहरुमा कार्य सम्पादनमा थप सुधार गरी उच्चतम नतिजाका लागि प्रयासरत रहने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा लघुउद्यमी समुह दर्ता सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने र उक्त कार्यविधि राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै गाउँपालिकाका विभिन्न शाखा तथा उपशाखाबाट निरन्तर सेवा प्रवाहको सम्बन्धमा आवश्यक भएका तपसिल बमोजिमका कानूनहरु कानून मस्यौदा तर्जुमा सिफारिस समितिलाई दफावार छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्णय गरियो ।

- जनप्रतिनिधि आचारसंहिता
- सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन नियमावली

❖ मनहरी गाउँपालिकाको कार्यविभाजन नियमावली

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा चितवन मेडिकल कलेज भरतपुर १०, चितवन र चितवन मेडिकल कलेज चुरेहिल हेटौंडा-११ बाट मनहरी गाउँपालिकाबासीहरुको लागि स्वास्थ्य उपचारमा सहयोग लिनको लागि अनुरोध गर्ने ।

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा "घ" वर्गको निर्माण सम्बन्धी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (१) मा व्यवस्था भए बमोजिम कार्यालयमा पर्न आएको निवेदन उपर सोही दफाको (२) बमोजिम गठित प्राविधिक समितिबाट समेत सिफारिस भई आएको हुदाँ तपसिल बमोजिमको निर्माण व्यवसायी, फर्म, कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | फर्मको नाम | संचालक | पान नं. | कैफियत |
|---|---|---|---|---|
| १ | हेटौंडा कन्स्ट्रक्सन एण्ड ईन्जिनिरिङ्ग, मनहरी १, मकवानपुर | उत्सव नेपाल | ६२१२८१८९१ | |

१८. प्रस्ताव नं. १८ माथि छलफल हुदाँ मनहरी गाउँपालिका वडा नं. ८ सिम्पानी स्थित विभिन्न क्रसर उद्योगहरुबाट नदिजन्य पदार्थ वसारपसार गर्दा धुलो उडि स्थानीय बासिन्दाहरु विरामी भएको भनि विभिन्न समयमा गुनासाहरु प्राप्त भएको तथा वडा कार्यालयको च.नं. ८७६, मिति २०८१/१०/२३ को पत्रबाट समेत सुख्खा मौसमका कारण स्थानीय बासिन्दा तथा सडकमा हिड्ने मानिसलाई प्रदुषण भई असर परेकाले पानी हाल्ने व्यवस्थाका लागि अनुरोध भै आएको हुदाँ सुख्खा अवधि (फागुन, चैत्र, बैशाख, जेष्ठ) को पानी परेको समय भन्दा अन्य सुख्खा समयमा ८ नं. वडा कार्यालय मार्फत अनुगमन र सुपरिवेक्षण हुने गरि करिब ४०० मिटर क्षेत्रमा दैनिक कम्तीमा ३ पटक पानी हाल्ने गरी प्राविधिक लागत अनुमान अनुसार हुने गरी गाउँपालिका चालु तर्फको अमानतमा नदिजन्य पदार्थको कर संकलन, उत्खनन् तथा व्यवस्थापन शिर्षकबाट खर्च व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको क्षेत्र भित्र निर्माण भएका भवनहरुको निर्माण सम्पन्न प्रमाणपत्र लिनु पर्ने म्याद गुजारी निर्माण सम्पन्न प्रमाण पत्र लिनु परेको अवस्थामा अर्को व्यवस्था नभए सम्मको लागि प्राविधिक प्रतिवेदनको आधारमा सब दूरुस्त पाईएमा नक्सापास दस्तुरको २०% जरिवाना लिई निर्माण सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि - १

मिति २०८१/१०/३० गते बसेको आठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ७ नं. सम्बन्धित

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

आ.ब. २०८१/०८२ को मिति २०८१/१०/२२ देखि २०८१/१०/२९ सम्म सम्पन्न योजनाहरुको विवरण

| सि.न. | योजना/कार्यक्रमको नाम | वडा न. | लागत अनुमान रकम रु. | सम्पन्न खुद भुक्तानी रकम. |
|---|---|---|---|---|
| १ | केशव राईको घर देखि १० मि. बाटो जोड्ने बाटो स्लाब ढलान उपभोक्ता समिति मनहरी-६ | ६ | १७६६४७६।१ | १५००००० |
| २ | विकास राउतको घर देखी गोलेको घर सम्म ४ मि. बाटो स्लाब ढलान मनहरी-६ | ६ | ५८८४७७।७ | ४८५३९२ |
| ३ | मेलटोल देखि टयाङकी दमार जाने सडक स्तरीकरण | २ | ९४११९९।०५ | ८००००० |
| ४ | पदमखोल्चो तटबन्धन उपभोक्ता समिती | २ | ३५२९७२।९ | ३००००० |
| ५ | महेन्द्र ज्योति मा.वि. क्षति भएको पर्खाल पुर्ननिर्माण उपभोक्ता समिती | ३ | ६२५६८२।७९ | ५४३३५४ |
| ६ | फरिवाङ्ग खेल मैदान उपभोक्ता समिती मनहरि-६ जनतासँग अध्यक्ष विकास कोषबाट | ६ | १४८३९०८।१६ | १२४३९९८ |
| ७ | देवकोट खानेपानी जाने अधुरो स्लाब | ८ | ४७०९२८।२६ | ४००००० |
| ८ | पिकनिक स्पोर्स (पिसपार्क) | ८ | ५८८४२८।७७ | ५००००० |
| ९ | महेन्द्र किरण स्कुल पछाडि अधुरो बाटो र वाल | ८ | ४७०७२२।५९ | ४००००० |
| १० | हाङ्गलाङ्ग भित्री बाटो स्तरोन्नती | ६ | ३५२९६०।५७ | ३००००० |
| ११ | भुलचोक रायमाझीको घर हुदैं घिमिरे बाजेको घर जाने बाटो स्ल्याब ढलान | ६ | ५८८३४७।३२ | ४९९०७३ |
| १२ | ज्यामिरे खानेपानी मर्मत सुधार | ९ | २३६२८३।७८ | १८५६४५ |
| १३ | टयाङ्की दमार तटबन्धन उपभोक्ता समिती मिती २०८१।०५।११ को का.पा. निर्णयबाट | २ | ३५२९०० | ३००००० |
| १४ | रुपाचुरी मकवानपुरे टोल देखि मईडटार हुदैं नाथ पन्गेल बाटो निर्माण | ६ | ४७११६९ | ४००००० |
| १५ | रमनटार रमौलि जोड्ने पुल देखि सडक दायाँ बायाँ स्ल्याब ढलान | ७ | ४७१३१६ | ४००००० |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

कालाखेती
अध्यक्ष

अनुसुचि - १

मिति २०८१/१०/३० गते बसेको आठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ७ नं. सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| १६ | हिरारानो टोल देखि रोटेपिङ बाटो स्तरीकरण | ५ | ५८८२७४।५८ | ५००००० |
| १७ | नयाँ गाउँ दमार फुटबल चौर स्तरीकरण मनहरी-५ | ५ | २३५३३७।२५ | १८८४६० |
| १८ | पवित्र सामुदायिक मण्डलि स्तरउन्नती | ७ | ३५५७८० | ३००००० |
| १९ | खोपकेन्द्र हुँदै घलानटोल जाने बाटो स्तरिकरण | ३ | ३५४८२६।८१ | २९८०७७ |
| २० | बाङदाङ झोरा नियन्त्रण | ७ | ३५२९७७ | ३००००० |
| २१ | कमल थापा बाटो स्तरीकरण | ७ | २३५५४७ | २००००० |
| २२ | गोपीलाल टोल बाटो स्तरीकरण उपभोक्ता समिति | ५ | ४७०४४०।७३ | ४००००० |
| २३ | अर्ध नारेश्वर बाटो स्ल्याब ढलान | ७ | २३५२७५ | २००००० |
| २४ | रुन्चेडाँडा जाने बाटो स्तरीकरण | ५ | ११७६७१५।१९ | १०००००० |
| २५ | रमौलि भित्रि शाखा बाटो किसान कार्कीको घर देखि पश्चिम बाटो ड्रेन वाल सहित ग्रावेल | ७ | ४७०६०५ | ४००००० |
| २६ | बिच बगर फाँट कृषि सडक | ७ | ४७०९८७।८ | ४००००० |
| २७ | लामिटार पुछार सार्वजनिक शौचालय निर्माण | ३ | २३५७६३।६५ | १९९७४० |
| २८ | लोथर देखी फरिवाङ्ग फुटबल ग्राउण्ड सम्मको बाटो सरसफाई उ.स. मनहरी-६ | ६ | ४३९०५६।४ | ३७३००० |
| २९ | बिजौना दहाँसस्कार | ७ | ३५७१७७ | ३००००० |
| ३० | दोर्जे मार्ग | ७ | २३५४३४ | २००००० |
| ३१ | सिद्दकाली स्कुल टोल बाटो स्ल्याब ढलान | ३ | ८२४६३१।३९ | ७००००० |
| ३२ | राजमार्ग देखी सिमल गैरी बाटो ढलान | ९ | ११८१०३०।६५ | ९९५३७५ |
| ३३ | सेल्फी चोक देखी गैरी टोल जाने बाटो स्तरिकरण उ.स. मनहरी-५ जनतासँग अध्यक्ष विकास कार्यक्रमबाट | ५ | ११७६८९८।५८ | १०००००० |
| ३४ | मार्ग दर्शन जिप्सन निर्माण उपभोक्ता समिती मनहरी-६ जनतासँग उपाध्यक्ष विकास कार्यक्रम | ६ | २३५६४६।४ | १८७६३८ |
| ३५ | मनहरी देखी आँपताल,बुडेनी,क्यामुना हुदैं ज्यामिरे डाँडा मैनालि सम्म बाटो सरसफाई सहित नाला खोल्ने काम | ६ | २३६६८८।१९ | २००००० |
| ३६ | डण्डीबारी टोल अधुरो स्ल्याब ढलान | ५ | ४७०५९६।१८ | ४००००० |

अनुसुचि - १

मिति २०८१/१०/३० गते बसेको आठौं गाउँकार्यपालिका बैठकको निर्णय नं. ७ नं. सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| ३७ | डोठे नयाँ बाटो हुँदै सानो सिद्दकाली जाने बाटो स्तरिकरण | ३ | ३५३६४५।९६ | ३००००० |
| ३८ | रजैया वाइपास सडक वडा नं. ९ | ९ | ११७६८१६।९५ | १०००००० |
| ३९ | विष्णुको घरदेखि झुम्का चोक कुलो मर्मत | ७ | १७६८६६ | १५०००० |
| ४० | मकरी झुल्यान सिरान बाटो मर्मत | १ | ३५५८९।२२ | २९८६८० |
| ४१ | सानाटोल सडक स्तरीकरण | २ | ७०५९२१।०१ | ६००००० |
| ४२ | देउराली चोकको पश्चिम तर्फको नहर | ७ | २३७०३० | २००००० |
| ४३ | मोरङ्गे खोल्चा वाल | ८ | ५८८८५३।५७ | ४८४४२८ |
| ४४ | प्याङचे नयाँ बाटो स्तरीकरण | ७ | २३५४८६ | २००००० |
| ४५ | दाङसिङ खोल्ची झोरा नियन्त्रण (सिकर्मीटोल) | ८ | ३५३९५८।६८ | ३००००० |
| ४६ | सिद्धकाली मुरलीचोक स्ल्याब ढलान मर्मत उपभोक्ता समिती मनहरी-३ | ३ | २३९६४५।१४ | २००००० |
| ४७ | सानोपालदमार सिंचाई योजना | ३ | २९६६०९।६७ | २४५७४५ |
| ४८ | राई गुठी भवन कम्पाउण्ड वाल निर्माण | ५ | ३५२९४१।८ | ३००००० |
| | जम्मा | | २५२४५१२७।२१ | २१२७८६०५ |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

अनुसूची -२

मिति २०८१/१०/३० गते बसेको आठौं गाउकार्यपालिका बैठकको निर्णय नं. १२ संग सम्बन्धित

जनतासँग अध्यक्ष विकास तथा उपाध्यक्ष विकास कार्यक्रमको सम्झौता भएको योजना मिती २०८१।०९।२२ देखी २०८१।१०।२९ सम्म

| क्र.स. | योजनाको नाम | रकम | कार्यान्वयन हुने वडा | कोषको नाम |
|---|---|---|---|---|
| १ | रबिनको घर पछाडीको ग्रावेल तथा वाल निर्माण | ३००००० | ८ | जनतासँग अध्यक्ष विकास |
| २ | स्कुल खहरे खोलामा तटबन्धन उ.स. मनहरी-५ | १४०००० | ५ | जनतासँग अध्यक्ष विकास |
| यस अबधिको जम्मा सम्झौता | | ४४०००० | | |
| १ | वडा कार्यालय जाने बाटो स्तरीकरण उपभोक्ता समिति | ७००००० | ३ | जनतासँग उपाध्यक्ष विकास |
| २ | वुद्ध शान्ति हरीत पार्कमा ल्होछार ट्रस निर्माण उ.स.मनहरी-७ | २००००० | ७ | जनतासँग उपाध्यक्ष विकास |
| यस अबधिको जम्मा | | ९००००० | | |

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रत्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत